# बालकोट'को नजर अन्त

# छि कृष्ण दाहाललाई संकट






तथा योगदान रहेकाले शीर्ष नेतृत्वले आफ्नो पक्षमा निर्णय गर्ने विश्वास लिए ।

दाहालले अध्यक्षाको तयारी यसअघि नै थालिसकेका थिए । अध्यक्षको उम्मेदवार बन्न नै केन्द्रीय सदस्य दाहाल प्रदेश प्रतिनिधि चयन भएर आएका छन् । दाहाल नेतृत्व र अधिवेशन प्रतिनिधि दुवैको समर्थन लिएर बागमतीको अध्यक्ष बन्ने अभियानमा रहेको मकवानपुरका युवानेता दीपक न्यौपानेले बताए । दाहालले पार्टीका नेताहरुलाई कुनै एकजनाको पक्षमा विभाजित नहुनसमेत आग्रह गरेको निकट स्रोतले जनाएको छ । मकवानपुर १ बाट ३ पटक सांसद निर्वाचित दाहाल २०४८ का सबैभन्दा कान्छो सांसद थिए । उनले मकवानपुर एमालेको नेतृत्वसमेत गरिसकेका छन् ।

एमालेको लुम्बिनी प्रदेशमा उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलको गुटगत प्रतिस्पर्धा भएपछि बागमती प्रदेश अधिवेशनमा भने गुटगत प्रतिस्पर्धा रोक्ने प्रयास नेतृत्व तहबाटै भएको छ । अर्थात, अध्यक्ष ओली, पार्टी उपाध्यक्ष अष्टलक्ष्मी शाक्य, सुरेन्द्र पाण्डेलगायतका नेताहरुले नेतृत्व सर्वसम्मतबाटै चयन हुने बताइरहेका छन् । सर्वसम्मत नेतृत्व चयन हुँदा अध्यक्ष ओलीको चाहनामा भर पर्ने देखिन्छ । आउँदो सोमबारबाट सुरु हुने प्रदेश अधिवेशनमा एमाले अध्यक्ष ओली गुटगत प्रतिस्पर्धा गर्न दिन नहुने पक्षमा उभिएका हुन् । उनले पार्टीभित्र दुईवटा समूह बनेर हुने प्रतिस्पर्धालाई रोक्ने गरी नेताहरुसँग छलफल सुरु गरेका छन् ।

अध्यक्ष ओलीले श्रेष्ठ र ढुंगेलमध्ये एकजनालाई अध्यक्ष बनाउने प्रयास गरेको चर्चा छ । एमाले स्रोतका अनुसार नेकपाकालमा यी दुई नेताले ओलीको पक्षमा अडान लिएकै कारण उनी त्यसको गुन तिर्ने पक्षमा छन् । त्यतिबेला सानु श्रेष्ठ बागमती प्रदेशको सभामुख थिए । नेकपाको ओली इतरको समूहमा बहुमत सांसद हुँदाहुँदै सभाामुख श्रेष्ठले प्रदेशसभाको बैठक नडाकेर ओलीको समूह रक्षा गरेका थिए । त्यतिबेला इतर समूहबाट उपाध्यक्ष अष्टलक्ष्मी शाक्य मुख्यमन्त्रीको दाबीमा थिइन् । सभामुख श्रेष्ठकै भूमिकाका कारण शाक्य मुख्यमन्त्री हुन सकिनन् । त्यसो त, त्यतिबेला बागमती प्रदेशको आर्थिक मामिलामन्त्री रहेका ढुंगेलले पनि इतर समूहको रणनीति फेल गराउन अनेक प्रयास गरेका थिए ।

बागमती प्रदेश जोगाउन र ओलीको समूहलाई संरक्षित गर्न बलियो भूमिका निर्वाह गरेका थिए । त्यसै कारण, अहिले ओली यी दुईमध्ये एकलाई अध्यक्ष बनाउन चाहिरहेको बताइन्छ । दाहाललाई मकवानपुरले प्रदेश अध्यक्षको रुपमा अगाडि सारेको भए पनि उनी ओली समूहमा पूर्णरुपमा लागेका थिएनन् । नेकपाको विवाद बीचमा रहेका दाहाल अन्तिम समय मात्रै ओली समूहमा खुलेका थिए । त्यसैले, अहिले ओलीले दाहाललाई अध्यक्ष बनाउने विषयमा कम चासो दिएको पनि एमाले स्रोतको दाबी छ ।

एमाले नेताहरुको भनाइमा ओलीले सर्वसम्मतका लागि वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष विष्णु पौडेल, महासचिव शंकर पोखरेल, उपमहासचिव विष्णु रिमाललागयतका नेताहरुसँग छलफल गरेका छन् । बागमती प्रदेशमा उपाध्यक्ष अष्टलक्ष्मी शाक्य, सुरेन्द्र पाण्डेहरुको भूमिका पनि प्रभावशाली हुन्छ । लुम्बिनीमा झैं पौडेल र पोखरेलको समूह बन्दा पाटी कमजोर बन्ने भन्दै ओलीले सहमति जुटाउन पाटी पङ्क्तिलाई सन्देश प्रवाह गरेका छन् । तर, नेताहरु भने प्रतिस्पर्धा गर्ने मुडमा देखिएका छन् ।

यद्यपि, पाण्डे र शाक्यहरुले अहिलेसम्म कुनै पनि नेतालाई अगाडि सारेका छैनन् । पार्टी उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले गुटभन्दा पनि सर्वसम्मतका लागि सुझाव दिएको बताइन् । गुटगत अवस्थाले निरन्तरता पाए एमाले थप कमजोर हुने र विगतकै नियति दोहोरिने शाक्यको भनाइ छ । लुम्बिनी प्रदेशमा अध्यक्ष ओलीले चुनाव रोक्न चाहेका थिए ।

ओलीले लुम्बिनी अधिवेशनको अन्तिम समयसम्म पनि चुनाव रोक्न चाहेका थिए । तर, पोखरेल र पौडेका समूहका नेताहरुवीच सहमति जुट्ने संभावना नभएपछि चुनावी प्रतिस्पर्धा भएको थियो । बागमतीमा त्यही घटना दोहोऱ्याउने पक्षमा ओली नदेखिएका हुन् ।

# प्रदेश स्वास्थ्य मन्त्र

# कामप्रति संघीय मन्त्र



साझाकुरा संवाददाता

हेटौंडा, ५ असोज/ संघीय सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहनबहादुर बस्नेतले बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयले सञ्चालन गरिरहेको कार्यक्रमबाट सन्तुष्ट रहेको बताएका छन् ।

बागमती प्रदेश स्वास्थ्य मन्त्रालयद्वारा वीर अस्पतालमा आयोजित सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम सार्वजनिकिकरण तथा सम्झौता हस्तान्तरण कार्यक्रममा बोल्दै मन्त्री बस्नेतले मन्त्रालयका कामको प्रशंसा गरेका हुन् । स्वास्थ्य मन्त्री बस्नेतले केन्द्रीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गरे जस्तै विपन्न र गरिबको सहज स्वास्थ्य उपचारका क्षेत्रमा गरिरहेका काम प्रशंसनीय रहेको बताए । केन्द्रीय स्वास्थ्य मन्त्रालयले आफू मातहतका अस्पताल र प्रतिष्ठानका ३ हजार ५ सय ६५ जनरल बेड नि:शुल्क गरेपछि बागमती प्रदेशले आफू मातहतका प्रादेशिक अस्पतालहरुका ८ सय ११ बेड नि:शुल्क गरेको थियो ।

मन्त्री बस्नेतले विपन्न जनतालाई सहज उपचार उपलब्ध गराउने अभियानमा बागमती प्रदेशले क्यान्सरका बिरामीलाई केन्द्र सरकारले दिने प्रतिव्यक्ति १ लाख रुपैयाँ सहुलियतमा थप ५० हजार रुपैयाँ उपलब्ध गराईरहेको, हृदयरोगका बिरामीलाई १ लाखमा थप गरेर १ लाख १० हजार उपलब्ध गराउने काम प्रशंसनीय रहेको स्वास्थ्यमन्त्री बस्नेतले बताए । कार्यक्रममा बागमती प्रदेशका स्वास्थ्यमन्त्री उत्तम जोशीले बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयले बिपन्नको उपचारका लागि विभिन्न कार्यक्रम अगाडि


Hetauda School of Management and Social Sciences
"कडा अनुशासन, स्तरीय शिक्षा"
BBS Bachelor of Business Studies
ADMISSION ONGOING
Clas
AS
01 17 extra curricular modules to enhance learning
04 HSMSS feast a


# टपिटमा संलग्न

# मा लामा पक्राउ



# अवैध चिनी र साडी बरामद



साझाकुरा संवाददाता

हेटौंडा, ५ असोज/ हेटौंडा उपमहानगरपालिका-१५

गरेको हो ।

प्रहरीका अनुसार बसको पछाडिको डिक्किमा लुकाई छिपाई

